United Nations Educational, Scientific and Cultural Organization

Kathmandu Office

# पत्रकार सुरक्षा अभिवृद्धि परियोजना



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय

राष्ट्रिय मानव अधिकार आयोग


## पृष्ठभूमि

पत्रकार सुरक्षाका दृष्टिले नेपाल संवेदनशील देश हो । नेपाल पत्रकार महासंघका अनुसार नेपालमा सन् २०१२ मा तीनओटा हत्या र बेपत्तासहित जम्मा २ सय ७१ ओटा प्रेस स्वतन्त्रता उलंङ्घनका घटना भएका छन्। सन् २०१२ मा *रिपोर्टर विदआउट बोर्डर*ले गरेको प्रेस स्वतन्त्रता सूचकांङ्क अनुगमन प्रतिवेदनमा नेपाल एकसय ७९ राज्यमध्ये एकसय १८ औं स्थानमा सूचिकृत भएको थियो । नेपाल अघिल्लो अनुगमनका तुलनामा भने १२ स्थान तल झरेको हो । *बोर्डर*को सो प्रतिवेदनले नेपाललाई पत्रकार सुरक्षाका दृष्टिकोणले 'उल्लेखनीय समस्या' भएको मुलुकको रूपमा चित्रित गरेको छ ।

अर्को अन्तर्राष्ट्रिय संस्था *कमिटि टु प्रोटेक्ट जर्नालिस्ट*ले सन् २०१३ मा पत्रकारमाथि भएका घटनाका पीडितलाई दण्डीत नगर्ने १२ ओटा देशलाई दण्डहीनता कायम रहेको मुलुकका रूपमा सूचिकृत गरेको छ । सो प्रतिवेदनले नेपाललाई भने दण्डहीनताको सूचीबाट हटाएको छ, जसलाई राम्रो पक्षका रूपमा लिन सकिन्छ । यद्यपि नेपाल पत्रकार सुरक्षाको दृष्टिकोणले चुनौतीरहित देश भने होइन । त्यसैगरी सन् २०१२ मा अन्तर्राष्ट्रिय मिडिया अधिकारवादी संस्था र युनेस्को काठमाडौंको संलग्नतामा भएको अन्तर्राष्ट्रिय मिडिया मिशनले गरेको अनुगमनले पनि सन् २००९ को तुलनामा नेपालमा पत्रकार सुरक्षा र दण्डहीनताका मुद्दामा केही सुधार आएको देखाएको छ । यद्यपि, नेपालमा पत्रकारमाथि हुने आक्रमण, धम्कीजस्ता घटनाले निरन्तरता पाइरहेका छन् भने दण्डहीनता कायमै छ।

## पत्रकार सुरक्षा अभिवृद्धि परियोजना

नेपालमा पत्रकार सुरक्षा र दण्डहीनताको सवालमा केन्द्रित यो परियोजना 'संयुक्त राष्ट्रसंघीय कार्ययोजना'को आधारमा सञ्चालित छ । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)को काठमाडौंस्थित कार्यालयले कार्यान्वयन गरिरहेको यस परियोजना सूचना तथा सञ्चार मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल पत्रकार महासंघ, न्यायिक निकाय, अधिकारवादी संघसंस्थालगायत सरोकारवालासँगको सहकार्यमा सञ्चालन भइरहेको छ । ५० ओटाभन्दा बढी अन्तर्राष्ट्रिय दातृसंस्थाहरूको सहयोगमा



सञ्चालित 'संयुक्त राष्ट्रसंघीय शान्ति कोष'को आर्थिक सहयोगमा यो परियोजना सञ्चालित छ । जुन आर्थिक सहयोगहरूलाई 'नेपालका लागि संयुक्त राष्ट्रसंघीय शान्ति कोष'मार्फत व्यवस्थित गरिन्छ ।

नेपालका पत्रकार तथा सञ्चारकर्मीको सुरक्षा अवस्थामा सुधार ल्याउने लक्ष्यसहित सुरू भएको यस परियोजनाअन्तर्गत विभिन्न सरोकारवाला संस्थामार्फत कार्यक्रमहरू सञ्चालित हुन्छन् । ती कार्यक्रममा पत्रकार, सञ्चार संस्था, सुरक्षा निकाय, न्याय क्षेत्र तथा नागरिकको सहभागीता रहन्छ ।

शान्ति, लोकतन्त्र र कानुनी राज्य स्थापनाका लागि अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता अनिवार्य शर्त हो । तर, नेपालमा पत्रकार तथा सञ्चारकर्मी विरुद्ध भइरहेका आक्रमण तथा प्रेस स्वतन्त्रता उलंङ्घनका घटना र दण्डहीनताका कारणले शान्तिप्रक्रियालाई नै अवरोध पुऱ्याइरहेको छ । यस्तो अवस्थामा विशेषगरी पत्रकार सुरक्षाका दृष्टिले संवेदनशील देखिएका पूर्वाञ्चलका पहाडी र मध्यमाञ्चलका तराईका जिल्लाहरूमा यो परियोजना केन्द्रित छ । अर्कोतर्फ वृद्धि हुँदै गइरहेको प्रेस स्वतन्त्रता उलंङ्घन र पत्रकारविरुद्ध हुने हिंसाका घटना न्यूनीकरण गर्ने दिशामा यो परियोजना लक्षित छ ।

## परियोजना अन्तर्गतका क्रियाकलाप

अन्तर्राष्ट्रिय मिडिया मिशनका सदस्यहरूले नेपालमा पत्रकार सुरक्षाको अवस्था अनुगमनमा सहयोग गर्न एक स्वतन्त्र संयन्त्रको स्थापना गर्न सुझाव दिएका छन् । यस सुझावलाई अघि बढाउन र हालसम्म भएका गतिविधिलाई मूर्तरूप दिन

सहयोग पुग्ने गरी सन् २०१२ को अन्त्यतिर दुईओटा महत्वपूर्ण अवसरहरू सिर्जना भएका थिए ।

'नेपालका लागि संयुक्त राष्ट्रसंघीय शान्ति कोष'ले परियोजना प्रस्तावपत्र आयोजना गर्नु एउटा अवसर थियो भने 'पत्रकार सुरक्षा तथा दण्डहीनताको मुद्दामा संयुक्त राष्ट्रसंघीय कार्ययोजना'को प्रारम्भ हुनु अर्को महत्वपूर्ण अवसर थियो । संयुक्त राष्ट्रसंघको यस कार्य योजनाको मुख्य उद्देश्य द्वन्द्वरत तथा द्वन्द्वविहीन दुईओटै अवस्थामा पत्रकार तथा सञ्चारकर्मीहरूका लागि स्वतन्त्र र सुरक्षित वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउनु हो ।

संयुक्त राष्ट्रसंघको यो कार्ययोजना युनेस्कोका महानिर्देशकद्वारा सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषद्को अनुरोधमा आयोजना गरिएको संयुक्त राष्ट्रसंघीय अन्तरनिकाय बैठकका क्रममा तयार पारिएको हो । यस कार्ययोजना कार्यान्वयनका लागि पहिलो चरणमा नेपाल, इराक, पाकिस्तान र दक्षिण सुडान गरी चाओटा देश छानिएका छन् ।

यस कार्ययोजनाले पत्रकार सुरक्षासँग सम्बन्धित सवाललाई सम्बोधन गर्न एकीकृत संयन्त्रको स्थापना गर्न सुझाव दिएको छ । र, परियोजनाले यसै विषयलाई मूर्तरूप दिन तयारी गरिरहेको छ । कार्ययोजनाले संयुक्त राष्ट्रसंघीय निकायहरूलाई अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकको पक्षमा कानुन र संयन्त्र बनाउन सदस्य राष्ट्रहरूलाई सहयोग गर्न पनि सुझाव दिएको छ । सोही अनुरूप यस परियोजनामा विभिन्न गतिविधि समावेश गरिएका छन् ।

संयुक्त राष्ट्रसंघको यस कार्ययोजनाले विकास साझेदारहरूलाई प्रचलित अन्तर्राष्ट्रिय नियम तथा सिद्धान्तको कार्यान्वयनका



लागि गरिएका पहलहरूमा सहयोग गर्न प्रोत्साहित गरेको छ । यस परियोजना कानुनी राज्य, अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकारका मान्यताहरूको कार्यान्वयनमा पूर्णरूपमा आधारित छ ।

यसै कार्ययोजनाको परिधिभित्र रही परियोजनाले पत्रकार सुरक्षाका सवाललाई तीन तहमा कार्यान्वयन गर्ने विधि अपनाएको छ । ती यसप्रकार छन् :

- पत्रकारका लागि सुरक्षित वातावरणको प्रत्याभूति गर्न राष्ट्रिय स्वामित्वको संयन्त्र स्थापना गर्ने ।
- नागरिक समाज तथा समग्र नागरिकको सहयोगमा पत्रकारलाई सुरक्षित गर्नका लागि सुरक्षा निकाय र न्याय प्रणालीलगायत राज्यका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।
- आफ्नै सुरक्षाका लागि निरन्तर लागिरहन पत्रकारलाई सहयोग गर्ने ।

पत्रकार सुरक्षाका लागि लक्षित यो अत्यन्तै महत्वाकांक्षी र जटिल कार्यमा सफलता प्राप्तिका लागि विशेषगरी नेपालमा सबै सरोकारवालाको स्वामित्व र प्रतिबद्धता जरूरी छ । राष्ट्रिय मानव अधिकार आयोग र सूचना तथा सञ्चार मन्त्रालय यस परियोजनाको मुख्य राष्ट्रिय साझेदारका रूपमा कार्यरत छन् । यसले नेपालमा पत्रकार सुरक्षा अभिवृद्धि गर्न आवश्यक बलिया संयन्त्रहरू निर्माण गर्न थप सहज बनाएको छ । यस परियोजनाअन्तर्गत नेपाल प्रहरीको मानवअधिकार इकाइसँग पनि सहकार्य गरिन्छ ।

पत्रकारसँग सम्बन्धित नेपालका मुख्य व्यवसायिक संस्थाहरू यस परियोजना कार्यान्वयनका लागि आबद्ध भएका छन् । त्यसैगरी यस थालनीलाई मानव अधिकारको जगमा स्थापित गर्न मानवअधिकार संस्थाहरूको महत्वपूर्ण योगदान रहेको छ । यस पहलकदमी थालनीका लागि सुझाव दिने अन्तर्राष्ट्रिय मिडिया मिशनका सदस्यहरूको सहयोग महत्वपूर्ण छ भने परियोजनामार्फत नेपालमा अन्तर्राष्ट्रिय ज्ञान भित्र्याउन पनि सहयोगी हुनेछ ।

सञ्चारकर्मीको लागि सुरक्षित वातावरण सिर्जना गर्न परियोजनाका सबै साझेदार संघसस्था र सरोकारवालाहरूको भूमिका अत्यन्तै महत्वपूर्ण छ ।

UNITED NATIONS

पत्रकार सुरक्षा अभिवृद्धि परियोजना ५० ओटाभन्दा बढी अन्तर्राष्ट्रिय दातृसंस्थाहरूको सहयोगमा सञ्चालित 'संयुक्त राष्ट्रसंघीय शान्ति कोष'को आर्थिक सहयोगमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)को काठमाडौंस्थित कार्यालयले कार्यान्वयन गरिरहेको छ । यस्ता आर्थिक सहयोगहरूलाई 'नेपालका लागि संयुक्त राष्ट्रसंघीय शान्तिकोष'मार्फत व्यवस्थित गरिन्छ ।

## परियोजनाबारे बिस्तृत जानकारीका लागि

UNESCO

United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu Office

## पत्रकार सुरक्षा अभिवृद्धि परियोजना

संयुक्त राष्ट्रसंघीय शैक्षिक,
वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)
काठमाडौं कार्यालय
सञ्चार तथा सूचना इकाइ
पो. ब. नं. १४३९१, सानेपा -२, ललितपुर, नेपाल
टेलिफोन : (९७७-१)-५५५४३९६, एक्सटेन्सन-३०
इमेल : ld.pant@unesco.org
वेबसाइट : http://www.unesco.org/new/en/kathmandu/communication-and-information/unpfn-safety-of-journalists-project/

## परियोजना कार्यान्वयन संस्था

ACORAB Nepal

FREEDOM FORUM

ims
INTERNATIONAL MEDIA SUPPORT
NIMP प्रतिनिधि

इन्सेक
INSEC

नेपाल पत्रकार महासंघ

SANCHARIKA SAMUHA

WOREC NEPAL